# सामुदायिक ग्रामिण विकास समाज नेपाल (सिआरडिएस नेपाल)

**महाकाली नगरपालिका वार्ड नं. ५ मेन रोड, गल्फै, खलंगा, दार्चुला**

फाने नं. ०९३-४२००६१,०९३-४२०५००, फ्याक्स नं.०९३-४२०३८८

ईमेल : crdsnepal@yahoo.com, वेवसाइटः www.crds.org.np


## सस्थाको सक्षिप्त परिचय

समय परिवर्तन हुदै गयो २०४८ सालको परिवर्तन संगै सामाजिक सेवाका दायराहरु पनि फराकिला बन्दै गए पछि विशुद्ध समाजिक कार्य गर्ने उद्देश्य लिएर २०४९ सालमा जिल्ला प्रशासन कार्यालय दार्चुलामा पहिलो गैर सरकारी,गैर नाफामूलक समाजिक संस्थाको रुपमा दर्ता भई अनवरत रुपमा दार्चुला जिल्लाको सर्वागिण विकासका लागि विभिन्न सरकारी,गैर सरकारी,विभिन्न दातृनिकायको संगको सहयोग तथा साझेदारीमा विभिन्न सरोकारवाला निकायहरु सँगको सहकार्य समन्वय र समुदाय सँगको सम्बन्धलाई प्रगाढ वनाउदै सामुदायिक विकासको अवधारणा लाई आत्मसात गर्दै दार्चुलाको सामुदायिक विकास निर्माण कार्य लाई निरन्तरता दिदै आई रहेको छ । डाडाकोट को आफ्नो सानो कार्यालय, सीमित कार्यक्रम  र सानो बजेटबाट शुरु भएको सिआर डिएस २४ वर्षको अन्तरालमा आईपुग्दा एउटा राष्ट्रिय स्तरको गैरसरकारी संस्थाका रुपमा स्थापित हुन सफल भएको छ । सिआरडीयस-नेपालले स्थापना काल देखी नै ग्रामीण क्षेत्रका विशेषतः महिला, बालवालिका तथा गरिब विपन्न परिवारहरुको जीवनस्तर सुधारका लागि एकिकृत विकास कार्यक्रमहरु दार्चुला भित्र मात्र सिमित नभएर देश भित्रका विभिन्न जिल्लाका विभिन्न समुदायलाई समेटेर सेवा क्षेत्र विस्तार गर्दै आफ्नो क्षमता,छवि र प्रतिष्ठा लाई विभिन्न क्षेत्रका समुदाय सम्म विस्तार गर्न सफल भएको छ । सामान्यतया संस्थागत जीवन चक्रमा आरोह-अवरोह हुनु स्वभाविक मानिन्छ तर अपवाद लाई विर्सिने हो भने सिआरडिएसको संस्थागत जीवनको विकासक्रममा निरन्तरता नै रहेको छ ।

स्थापनाकाल देखी नै सिआरडीयस-नेपाल ले दुर्गम ग्रामिण भेगका गरिव पछाडीपारिएका सिमान्तकृत र विभेदमा पारिएका समुदाय लाई उनिहरुको अधिकार रक्षा,गुणस्तरिय जिवनयापनको लागि जिविकोपार्जनमा सुधार र समुदायहरुको वलियोसंस्था निर्माणको लागि विभिन्न विकास निर्माण र जनचेतनामुलक कार्यक्रहरु संचालन गर्दै आईरहेको छ । अधिकार मुखि कार्यपद्धति लाई अवलम्वन गरि ग्रामिण समुदायको शसक्तिकरण, आर्थिक समृद्धि,समाजिक रुपान्तरण र समावेशी विकास प्रक्रियामा यस्ले उल्लेखनिय योगदान पुर्‍याएको छ । आर्थिक समृद्धि,समाजिक रुपान्तरण र समावेशी विकासका माध्यम वाट गरिब,विपन्न,पछाडी पारिएका दुर्गम ग्रामिण भेगमा वसोवास गर्ने समुदायको समाजिक आर्थिक रुपान्तरणका माध्यम वाट समतामुलक समृद्ध समाज निर्माणका लागि उपयुक्त वातावरण सृजना गर्ने कार्यमा सधै क्रियाशिल रहेको छ । स्थानिय स्तरमा एकिकृत सामुदायिक विकास कार्यक्रमहरु संचालन गर्नुका साथै समुदायको वलियो



खोजतलास तथा उद्धार तालिम

संगठित सन्जाल निर्माण कार्यमा सधैव सक्रिय रहेको छ । यस्का लागि सिआरडिएसले सदैव समुदायको अर्थपुर्ण सहभागिता, लैगिक समानता, समाजिक समावेशकिरण, पारदर्शीता, जवाफदेहिता, समाजिक न्याय, समन्वय, साझेदारी, समुदायको माग तथा विकासका कार्यमा समुदायको अपनत्व र विकासको दिगोपनामा विश्वास गर्दछ ।

२०० भन्दा बढी कर्मचारी र स्वयंमसेवक को साथमा सिआरडीयस-नेपाल ले देशका विभिन्न जिल्लाहरुमा हिमाल, पहाड र तराइका  ३०००० भन्दा बडी परिवारलाई लाभग्राहीको रूपमा समेट्दै सामाजिक विकाश परियोजना सफल रुपमा कार्यान्वयन गर्न सक्षम भएको छ । यसै गरी सिआरडीयस-नेपाल ले विगतका २४ वर्षमा विभिन्न सरकारी,राष्ट्रिय तथा अन्तरराष्ट्रि गैरसरकारी सघं संस्था तथा विभिन्न दातृ निकाय सगँको साझेदारीमा विभिन्न परियोजना कार्यन्वयन गर्दै सामाजिक विकास र जिविकोपार्जन सुधारका विभिन्न पक्षहरुमा दक्षता हासिल गरेको छ । हामी समुदाय संग निरंतर सिक्ने प्रयास गर्दछौ साथै विकासका क्षेत्रमा दिगो व्यवस्थापन र स्थानिय स्रोतसाधनहरुको प्रयोग सुनिश्चित गराउन वलियो समुदायमा आधारित संस्था विकास गर्न ध्यान केन्द्रित गरेका छौं । सिआरडिएसले समय सापेक्ष सामुदायिक विकासको क्षेत्रमा  काम गर्ने सरकारी र गैरसरकारी क्षेत्रका विभिन्न साझेदार सरकारी,राष्ट्रिय अन्तर राष्ट्रिय गैरसरकारी संघसंस्था र विभिन्नदाताहरुका निति अनुशार आफ्नो रणनितिमा पनि समयसापेक्ष परिवर्तन गर्दै आएको छ । सिआर डिएसले समुदाय, विभिन्न सरोकारवाला निकाय, आफ्ना साझेदार संस्था, दातृ निकाय र नागरिक समाजसंग नजिकको सुमधुर सम्बन्ध स्थापित गरेर काम गर्न सफल भएको एक अगुवा गैर सरकारी संस्थाको रुपमा आफ्नो पहिचान वनाउन सफल भएको छ ।



काठेपुल प्रविधि



जैविक छापो प्रविधि

# सामुदायिक ग्रामिण विकास समाज नेपाल (सिआरडिएस नेपाल)

## वैधानिकता

सिआरडीयस-नेपाल,नेपाल सरकारको समाजिक संस्था दर्ता ऐन २०३४ अन्तरगत सुदुर पश्चिमाञ्चलन विकास क्षेत्रको दार्चुला जिल्लामा दर्ता भएको एक गैरसरकारी सामाजिक संस्था हो ।

**संस्था दर्ता भएको जिल्ला :** जिल्ला प्रशासन कार्यलय, दार्चुला जल्ला

**दर्ता नंबर :** ०३/२०४९/५० दर्ता मितिः २०४९/०५/३१

**सस्था आवद्धता :** समाजिक कल्याण परिषद, काठमाण्डौ

**आवद्धता नम्वर :** ६९९

**जिल्ला :** काठमान्डौ

**मिति :** २०४९/०६/१२

**दर्ता कार्यलय :** आन्तरिक राजस्व कार्यालय, कन्चनपुर

**स्थायी लेखा नंबर :** ३०१०४४९४५ मितिः २०५९/०५/२८

**मुल्य अभिवृद्धि कर दर्ता मिति :** २०६०/०३/२९

**परिकल्पना** (Vision )

सामाजिक गौरव, न्याय, ऐक्यवद्धता तथा सम्वृद्धि, शान्ति पुर्ण समावेशी र दिगो विकासको अवधारणामा आधारित समतामुलक समाज निमार्णमा एक उत्प्रेरकको भुमिका निर्वाह गर्नु हो" ।

**ग्रामिण परिकल्पना** (Rural Vision)

एकतावद्ध समुदायको दिगो विकासका लागि न्युनतम आवश्यकतामा आधारित गुणस्तरिय जिवन निर्वाह गर्न नयाँ प्रविधिमा आधारित ज्ञान सिप हस्तान्तरण गर्नु हो ।



संकटासन्नता विश्लेषण तथा समाजिक नक्सांकन

## ध्येय (Mission)

स्वास्थ्य तथा पोषण, खानेपानी, शिक्षा, सरसफाइ, कृषि तथा खाद्य सुरक्षा, वन, प्राकृतिक स्रोत तथा पर्यावरण, विपद व्यवस्थापन तथा जोखिम न्युनीकरण,ग्रामिण वैकल्पिक उर्जा, जलवायु परिवर्तन परिवर्तन तथा अनुकुलन, जिविकोपार्जन, सुसाशन, पारदर्शिता तथा जवाफदेहिता, लघुउद्यम विकासका लागि समुदायको परिचालन तथा समुदायको सहभागिताको माध्यम वाट ग्रामिण समुदायको जिवनस्तरमा सुधार ल्याउनु हो ।

## सस्थाको लक्ष्य (Goal)

दुर्गम ग्रामिण भेगमा वसोवास गर्ने समुदाय खास गरी, गरीव, विपन्न, महिला, वालवालिका,पछाडी पारिएका वर्ग, कृषकहरुको समाजिक रुपान्तरण र दिगो जिविकोपार्जनका माध्यम वाट आर्थिक समृद्धि गरि उनिहरुको जिवनस्तरमा सुधार ल्याउनका लागि सरकारी, राष्ट्रिय/ अन्तराष्ट्रिय गैर सरकारी संस्था र विभिन्नदातृ निकायसगं मिलेर दिगो एकिकृत विकासमा सहयोग पुऱ्याउनु हो ।

## उदेश्य (Objectives)

सिआरडियस नेपालको मुख्य उदेश्य ग्रामिण भेगको समुदायको दिगो एकिकृत विकास गर्नु हो । समग्रमा यस संस्थाले ग्रामिण भेगका समुदायको दिगो विकासका लागि निम्नानुसारका कार्यलाई केन्द्रित गर्दछ ।

- नँया क्षेत्रको पहिचान गर्ने
- समुदायको सहभागितामा कार्यक्रम संन्चालन गर्ने ।
- महिला, पिछाडिएका तथा सिमान्तकृत समुदायलाइ प्राथमिकता दिने ।
- क्षमता अभिवृद्धि गर्ने तथा विकासका कार्यहरुमा अपनत्व वढाउने ।
- मानविय आधारभुत आवश्यकतालाई सम्वोधन गर्न समुदायको क्षमता वृद्धि गरि आधारभुत आवश्यकता पुरा गर्न सक्षम वनाउने
- महिलाको सक्रिय सहभागितामा दिगो विकास तथा जिविकोपार्जनका लागि पहल गर्ने
- सामुदायकका लागि आवश्यक वातावरणिय सुहाउदो पूर्वाधारमा जोड दिने र सहयोग गर्ने ।




प्लाष्टिक घरमा वेमौसमी काक्रो खेती

- मानव अधिकार, प्रजातान्त्रिक अभ्यास समावेशी विकास तथा सुसासन पारदर्शिता र जवाफदेहिता लाइ प्रमुखता दिने ।
- परम्परागत ज्ञान र सिपलाई अधिकतम प्रयोग र प्रर्वधन गर्दै दिगो विकासको लागि समुदायको अर्थपुर्ण सहभागितामा जोड दिने ।

# सामुदायिक ग्रामिण विकास समाज नेपाल (सिआरडिएस नेपाल)

## संस्थागत मुल्य मान्यता

सिआरडीयस-नेपालले निम्न लिखित मुल्य मान्यतालाइ केन्द्रमा राख्दछ ।

**स्वतंत्रता :** हामि व्यक्ति, समुदाय, संस्था, राज्यका अंगहरु वाट विकासका लागि गरिएका सुझाव र विचार स्वतंत्रताको संम्मान गर्दछौ ।

**सम्मान :** हामि साझेदार, समुदाय, स्वयंमसेवक र कर्मचारी को सम्मान गर्दछौं ।

**उत्तरदायित्व :** हामी सवै सरोकार निकायप्रति पूर्णरुपमा उत्तरदायि र जवाफदेही छौं ।

**निर्णय :** हाम्रा निर्णयहरु सहभागिमुलक हुन्छन् ।

**पारर्दशीता :** हामी सर्म्पूण कार्यमा पारर्दशी छौ ।

**समावेसी विकास :** समावेसी विकासमा हाम्रो जोड रहेको छ ।

**मानव अधिकार :** यस संस्थाले मानवअधिकारको पूर्ण रुपमा सम्मान गर्दछ ।

**अन्तराष्ट्रिय घोषणा को सम्मान:** महिला,बालबालिका अथवा निश्चित समुदाय, विश्वसंम्पदा र विकास बारका अन्तराष्ट्रिय घोषणा र सन्धि सम्झौताको सम्मान गर्दछ ।



विपद व्यवस्थापन सँग सम्वन्धित समान हस्तान्तरण

## कार्यक्रम कार्यन्वयन सिद्धान्त

सिआरडीयस-नेपालले निम्न लिखित कार्यक्रम कार्यान्वयनका सिद्धान्त लाई केन्द्रमा राख्दछ ।

- आफैबाट परिवर्तन र विकास
- ग्रमिण विकासमा एकिकृत दृष्टिकोण
- स्व:उत्तप्रेरणा र अर्थपुर्ण सहभागिता
- सहकार्य,समन्वय,साझेदारी र शसक्तिकरण ।
- उत्तरदायित्व, पारदर्शीता र जवाफदेहिताको सुनिश्चिता ।
- सवै प्रकार का विभेद सम्बोधन र दिगो समाधान ।
- महिला बालबालिकालाई प्राथमिकता ।
- सामाजिक रुपान्तरण  र दिगो विकास सहितको शान्ति स्थापना

## मुख्य कार्य क्षेत्रहरु: (Major Intervention)

सिआरडिएस नेपालले ग्रामिण समुदायको एकिकृत विकासका लागि मुख्य क्षेत्रहरु निर्धारण गरेको छ ।




## सामुदायिक विकासको चौमुखि अवधारण


सिआरडीयस-नेपालले आफ्ना सम्पुर्ण सामुदायिक विकास कार्यक्रम तथा परियोजना गतिविधिहरु लाई सामुदायिक विकासको चौमुखि अवधारणमा आधारित भएर कार्यान्वयन गर्दछ ।

१. **शिक्षा :** निक्षरता उन्मुलन तथा बाहिरी संसार सँग साक्षत्कार गर्न ।

२. **जिविकोपार्जन :** दिगो कृषि प्रणाली मार्फत गरिवी र भोकमरीसगं जुध्नको लागि ।

३. **स्वास्थ्य :** रोगको रोकथाम र स्वास्थ्य अधिकार प्रवर्धनका लागि ।

४. **स:ुशासन :** सस्थागत विकासका माध्यम वाट सुशासन हासिल गरि आत्मनिर्भरता प्राप्त गर्नको लागि ।



# सामुदायिक ग्रामिण विकास समाज नेपाल (सिआरडिएस नेपाल)

## विकास कार्यक्रम तथा आयोजनाहरू

सिआरडीयस-नेपालले समुदायको एकिकृत विकासको लागि विभिन्न सामुदायिक विकास कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्दै आएको छ। यस संस्थाले दार्चुला जिल्लामा तथा बाह्य जिल्लामा हाल कार्यान्वयन गरिरहेका र विगतमा सम्पन्न कार्यक्रमहरु तपसिलमा उल्लेख गरिएको छ।

| S.N. | Name of Project कार्यक्रमको नाम | Donor दातृ निकाय | Partner साझेदार संस्था | Status अवस्था | Working Ares कार्य क्षेत्र |
|---|---|---|---|---|---|
| 1 | Rural Village Water Resources management Project (RVWRMP) ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना | FINIDA/GoN | RVWRMP/DDC | Running | Darchula |
| 2 | SUAAHARA-Good Nutrition Program - II सुआहारा-राम्रो पोषण कार्यक्रम दोस्रो चरण | USAID | HKI Consortium | Running | Darchula |
| 3 | Agriculture and Food Security support Project (AFSP) कृषि तथा खाद्य सुरक्षा सहयोग परियोजना | WB | FAO | Running | Darchula |
| 4 | SAFE-WASH सुरक्षित सरसफाई | USAID | SEBAC | Running | Darchula |
| 5 | Local Governance Community Development Programme (LGCDP) स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | UNDP & Multi Donor | DDC | Running | Darchula |
| 6 | Early Graded Reading Program (EGRP) प्राथमिक तह पढाई सिप विकास कार्यक्रम | WFP | WEI | Running | Darchula |
| 7 | Sustainable Economic enhancement and Development of women, poor and Excluded(SEED of WPE) महिला विपन्न तथा वन्चित वर्गको लागि दिगो आर्थिक वृद्धि तथा विकास | DKA Austria | DKA | Running | Nuwakot |
| 8 | Promotion Agriculture, Health and alternative Livelihoods(PAHAL) कृर्षि स्वास्थ्य र वैकल्पिक जिविकोपार्जन प्रवर्धन कार्यक्रम | USAID | Mercy corps consortium | Running | Darchula |
| 9 | Community Development Program(CDP) सामुदायिक विकास कार्यक्रम | GNI | GNI | Running | Darchula |
| 10 | Right to Harawa Charawa community as well as the process of gaining access to land | The Freedom Fund | Geneva Global | Completed | Siraha, Dhanusa, and Saptari |
| 11 | Poverty Alleviation Fund Program(PAF) | WB/IFAD/GoN | PAF | Completed | Darchula |
| 12 | SUAAHARA-Good Nutrition Program-I | USAID | Save/HKI Consortium | Completed | Darchula |
| 13 | Improved Cook Stove Programme with Carbon Finance (ICF) | SNV/AEPC | CRT | Completed | Darchula |
| 14 | Improved Water Mills (IWM) | AEPC/SNV | CRT | Completed | Darchula |
| 15 | Biomass Energy Support programme (BESP) | DANIDA/AEPC/DDC | DDC | Completed | Darchula |
| 16 | Community Support Programme (CSP- II) | UKAid | Care Nepal | Completed | Darchula |
| 17 | Local Governance Accountability Facility (LGAF) | UNDP/DDC | LGAF | Completed | Darchula |
| 18 | Food Security program(Social Safety Net-PRRO) | EU/WFP | WEI | Completed | Darchula |
| 19 | Rural Community Infrastructure Work (RCIW) | WFP | WEI | Completed | Darchula |
| 20 | ASHA Program | DFID | care Nepal | Completed | Darchula |
| 21 | WATSAN | ECHO | care Nepal | Completed | Drachula |
| 22 | Decentralization Rural infrastructure livelihood project (DRILP) | DoLIDAR/DDC | DDC | Completed | Darchula |
| 23 | Crop Diversification Project(CDP) | ADB/GoN | DADO | Completed | Darchula |
| 24 | Rural water Supply and Sanitation Program(RWSS) | WB/IDA | RWSSFDB | Completed | Darchula |
| 25 | Poverty Alleviation through Improved Banana farming, Off seasonal Vegetable production and marketing | DANIDA | Danish Embassy | Completed | Kanchanpur |
| 26 | Female Adult Literacy Classes through women reading for development(WORD) | USAID | PACT | Completed | Darchula |